प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

जेष्ठ १५ २०७७

# दैनिक गतिविधि

फ्याक्स: ०६१-५२०३३०
टोल फ्री न. १०५२

फोन नं. ०६१-५२०३५०
PHEOC: ०६१-५२४०७४

आज सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय नरदेवी पुन मगरज्यू, स्याङ्जा जिल्लाका १(क) बाट निर्वाचित प्रदेश सभाका सदस्य श्री मीन प्रसाद गुरुङज्यु, वालिङ नगरपालिकाका प्रमुख र उपप्रमुखज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख श्री शम्भु प्रसाद ज्ञवालीज्यू लगायतले स्याङ्जा जिल्ला अस्पतालको कोरोना संक्रमण र व्यवस्थापन सम्बन्धी जानकारी लिनुभयो भने माननीय मन्त्रीज्यूले स्याङ्जाका संक्रमित व्यक्तिहरुसंग टेलिफोन मार्फत उहाँहरुको स्वास्थ्य स्थिती बारे जानकारी लिनुभयो । साथै उक्त टोलीले स्याङ्जा स्थित हेलु सामुदायिक अस्पतालको निरीक्षण गरी अस्पतालको क्षमता बिस्तार र कोभिड-१९ संक्रमित बिरामीको व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरेको छ ।

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धि जेष्ठ १५ गते (४ बजे सम्म) प्रदेश जनस्वास्थ्य प्रयोगशाला र जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण ।

गण्डकी प्रदेशमा गरिएको कुल PCR परिक्षण संख्या २५६९ छ, जसमा नेगेटिभ २४७४, नतिजा आउन बाकी ७९ र पोजेटिभ संख्या १६ रहेको छ ।

संक्रमितहरु मध्ये ५ जनाको जिल्ला अस्पताल, स्याङ्गजामा, ६ जनाको धौलागिरी अस्पताल, बाग्लुङ्गमा र नवलपुर जिल्लाका ३ जनाको कोरोना अस्पताल भरतपुरमा उपचार भैरहेको छ ।

संक्रमितहरु मध्ये बाग्लुङ्गको २ जना महिलाहरु निको भै घर फर्किसक्नु भएको छ । हालसम्म गण्डकी प्रदेशमा ८३५६ जनाको RDT परीक्षण गरिएको छ ।

नेपालमा आज सम्म संक्रमित - १०४२, मृत्यु - ५, निको - १८७




स्वास्थ्य कार्यालय, बागलुङमा निर्देशकज्यूले आवश्यक निर्देशन दिनुभए पश्चात्

हिजो स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले बाग्लुङ स्थित धौलागिरी अस्पताल र स्वास्थ्य कार्यलय बाग्लुङ पुगी कोभिड-१९ संक्रमित बिरामीहरु र उहाँहरुको उपचार व्यवस्थापनको बारेमा जानकारी लिई आवश्यक निर्देशन प्रदान गर्नुभएको थियो ।




बागलुङबाटै निर्देशकज्यू लाइभ अपडेट दिनुहुँदै